वर्ष २० | अंक ६५ | नेपाल संवत् ११४२ | २०७८ मंसिर १४ गते मंगलबार | 30 Nov. 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ

# समाधान

samadhannews.com
राष्ट्रिय दैनिक




## पृथ्वीसुब्बा सर्वसम्मत उपमहासचिव

# गण्डकीबाट अधिकांश निर्विरोध

**समाधान संवाददाता**
चितवन, १३ मंसिर





पृथ्वीसुब्बा गुरुङ

गण्डकी प्रदेशका प्रथम मुख्यमन्त्री तथा एमालेका निवर्तमान सचिव पृथ्वीसुब्बा गुरुङ पार्टी उपमहासचिव निर्विरोध भएका छन् । नेकपा एमालेको वरिष्ठ उपाध्यक्ष, महासचिव र ३ उपमहासचिव सर्वसम्मत चुनिएका हुन् । ३ उपमहासचिवमा पृथ्वीसुब्बा गुरुङसहित प्रदीप ज्ञवाली र विष्णु रिमाल निर्विरोध चयन भएका हुन् ।

वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शंकर पोखरेल निर्वाचित भएका छन् । चितवनमा जारी महाधिवेशनमा उनीहरु कसैका विरुद्ध पनि अर्को उम्मेदवारी नपरेको हो । मनोनयनको समय सकिँदासम्म यी ३ वटै पदमा अरु कसैको उम्मेदवारी नपरेपछि उनीहरू निर्विरोध चयन भएका हुन् । अध्यक्ष, उपाध्यक्ष र सचिव पदमा भने निर्वाचन हुने भएको छ । अध्यक्षमा केपी ओली र भीम रावलले उम्मेदवारी दिएका छन् ।

उपाध्यक्षमा सर्वसम्मतका लागि ओलीले घोषणा गरेको सूचीमा रहेकाहरूबाहेक घनश्याम भुसालले उम्मेदवारी दिएका छन् । ओलीले घोषणा गरेको सूचीमा नपरेका भीम आचार्य र टंक कार्कीले सचिवमा उम्मेदवारी दिएपछि यो पदमा पनि निर्वाचन हुने भएको हो ।

नेकपा एमालेको केन्द्रीय सदस्यमा गण्डकी प्रदेशबाट अधिकांश नेता दोहोरिने देखिएको छ । आइतबार राति अध्यक्ष केपी शर्मा ओलीले घोषणा गरेको केन्द्रीय सदस्यको सूचीमा गण्डकीबाट अधिकांश नेता पुरानै छन् । गण्डकी भूगोलबाट ओलीले छनोट गरेका सबैजना निर्विरोध भएका छन् । कतिपय प्रदेशमा उम्मेदवारी परे पनि गण्डकीबाट त्यस्तो भएन ।

महिला कोटाबाट ५३ जना निर्विरोध केन्द्रीय सदस्य निर्वाचित हुँदा गण्डकीबाट पनि परेका छन् । सिता गिरी वली, टुका हमाल, सीता सुन्दास, विद्या भट्टराई, थममाया थापा, भगवती न्यौपाने, मनकुमारी जिसी केन्द्रीय सदस्य भएका छन् । नरदेवी पुन, मीनाकुमारी गुरुङ र सीमाकुमारी क्षेत्री गण्डकीको भूगोलबाट महिला कोटामा केन्द्रीय सदस्य भएका छन् ।

बागलुङ एमालेका अध्यक्ष इन्द्रलाल सापकोटा भूगोलबाट केन्द्रीय सदस्यको सूचीमा परेर निर्विरोध भएका छन् । इन्द्रलाल यसअघि माधव नेपाल समूहमा थिए । पार्टी विभाजन हुँदा उनी एमालेमै लागे । नयाँ सदस्यमा गण्डकीबाट भूगोलको प्रतिनिधित्व गर्दै पोखराका जगत विश्वकर्मा, नवलपुरका तिलक महत, म्याग्दीका भूपेन्द्रबहादुर थापा, तनहुँका टुकराज सिग्देल, लमजुङका मायानाथ अधिकारी पनि केन्द्रीय सदस्यको सूचीमा परे । जसले निर्वाचन लड्नु परेन ।

नेता खगराज अधिकारीको नाम सचिवमा चर्चा थियो । ओलीले उनलाई केन्द्रीय सदस्यमा समेटे । त्यसमा पनि चुनाव हुने भएपछि उनले खुला केन्द्रीय सदस्यमा उम्मेदवारी दर्ता गरे । सचिवमा गण्डकीबाट पद्मा अर्याल ओलीको सूचीमा परिन् । तर सचिवका लागि पनि निर्वाचनै लड्नुपर्ने भएको छ । अध्यक्ष ओलीले सुनाएको केन्द्रीय सदस्यमा परेर पनि धेरैजनाले चुनावमा भाग लिनुपर्ने अवस्था धेरैको उम्मेदवारी परेपछि उत्पन्न भएको छ । राति अबेरसम्म भने केन्द्रीय सदस्यमा पनि सर्वसम्मत गराउने प्रयास जारी थियो ।

# म जति प्रदेश चिनेको अरु छैनः शर्मा

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर



नेपाली कांग्रेस गण्डकी प्रदेश समिति सभापतिमा कास्की कांग्रेस नेता शुक्रराज शर्माले उम्मेद्वारी दिने घोषणा गरेका छन् । उनले कुशल संगठक भएर पार्टीमा योगदान गरेको दाबी गर्दै उनले उम्मेद्वारी बन्ने निर्णय गरेको बताए ।

कास्कीका कांग्रेस नेता देवराज चालिसे, तनहुँ कांग्रेसका पुराना नेता रघुनाथ पौडेलपछि सभापतिमा उम्मेद्वारी घोषणा गर्ने शर्मा तेस्रो भएका छन् । नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत प्रदेश समितिको निर्वाचन मंसिर १६ र १७ गते हुँदै छ । मुलुक संघीय संरचनामा गएपछि कांग्रेसको प्रदेश अधिवेशन हुन लागेको हो ।

२०२६ सालमा विपी कोइरालासँग तरुण दलको संगठन विस्तारमा लागेका शर्मा १७ वर्षसम्म कास्की कांग्रेस सभापति भएका थिए । उनी ५ वर्ष पार्टीको केन्द्रीय आमन्त्रित सदस्य थिए । शर्माले सबै नेता तथा कार्यकर्ताको भावना अनुसार उम्मेद्वार भएको जिकिर गरे । पार्टी भित्रको अव्यवस्थालाई हटाउँदै विधि, पद्धति र संस्थागत ढंगले अगाडि बढाउने घोषणा गरे ।

**मभन्दा अरु अगाडि बढाउँदा कांग्रेस सुदृढ बनाउन सकिन्छ भने छोड्न तयार छु**

राष्ट्रियता र प्रजातन्त्र कमजोर हुँदा कांग्रेसको भूमिका बढ्ने उल्लेख गर्दै उनले कांग्रेस बलियो भएमात्र प्रजातन्त्र सुदृढ बन्ने धारणा राखे । जीवनको उत्तरार्द्धमा आएर प्रदेशको नेतृत्वमा जाने योजना बनाएका शर्माले पुरानालाई मान, सम्मान र युवालाई प्रोत्साहन गर्ने योजना सुनाए । 'प्रदेशका प्रतिनिधिबीच सबभन्दा चिनिने र नजिक भएर काम गर्ने व्यक्ति मभन्दा कोही छैन,' उनले भने, 'सबै नेता एक ठाउँमा बसौं । मभन्दा अरु अगाडि बढाउँदा कांग्रेस सुदृढ बनाउन सकिन्छ भने छोड्न तयार छु ।'

उनले ११ जिल्लाका निर्वाचित प्रतिनिधिलाई प्रशिक्षण दिनेदेखि ६ महिनाभित्र कार्यालय व्यवस्थापन गर्ने योजना सुनाए । उनले कांग्रेस के हो भनेर प्रशिक्षण दिएर योग्य नेता तथा कार्यकर्ता बनाएर वडा, पालिका, प्रदेश र प्रतिनिधि सभामा कांग्रेसको बहुमत दिलाउन योगदान गर्ने बताए ।

नेता शर्माले मुद्दा र एजेन्डाका आधारमा नेतालाई साथ, समर्थन गरे पनि आफू पार्टी अध्यक्ष शेरबहादुर देउवा तथा वरिष्ठ नेता रामचन्द्र पौडेल दुबै पक्षको नभएको प्रतिक्रिया दिएका छन् । उनले आफूलाई सबै नेताको आशीर्वाद रहेको दाबी गरे । उनले विगतलाई बिर्सेर एकतावद्ध कांग्रेस बनाउन लाग्न सबैमा आग्रह गरे ।

'एउटै ढुंगामा बसेर कांग्रेसलाई डुब्न दिनु हुँदैन,' उनले भने, 'सबैभन्दा पहिला पार्टी बनाऔं । अहिलेको संकटका बेलामा कांग्रेस एक भए प्रजातन्त्रलाई जोगाउन सकिन्छ ।' प्रजातन्त्रमा सबै नेता तथा कार्यकर्ताको सम्मान हुने उल्लेख गर्दै उनले प्रजातन्त्रलाई जोगाए सबै नेता तथा कार्यकर्ता अटाउन सक्ने उल्लेख गरे ।

# जिप दुर्घटनामा ४ को मृत्यु

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर

म्याग्दीको रघुगंगा गाउँपालिका १ बेगमा सोमबार जिप दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ । बेनीदेखि बेगको सिमतर्फ जाँदै गरेको ग१ज ७२५१ नम्बरको जिप दुर्घटना भएको हो । जिप सडकदेखि करिब ३ सय मिटर तल खसेको थियो । प्रहरी निरीक्षक वीरेन्द्रराज गुरुङका अनुसार मृत्यु हुनेमा ३० वर्षीया गौमाया विक, जिप चालक ३५ वर्षीय दुढबहादुर थापा, ३० वर्षीय खिमु पुन र ४५ वर्षीय खिमानन्द शर्मा छन् ।

उनीहरू सबै बेगका बासिन्दा हुन् । गौमाया रघुगंगा गाउँपालिका १ बेगकी निर्वाचित वडा सदस्यसमेत हुन् । पुन र शर्माको घटनास्थलमा तथा चालक थापा र विकको उपचारका लागि बेनी ल्याउँदा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ५४ वर्षीय बलबहादुर विक, २३ वर्षीय मनोज पुन, २० वर्षीय भीम फगामी र ३० वर्षीय ज्ञानबहादुर शेरपुञ्जा घाइते भएका छन् । उनीहरुलाई उपचारका लागि पोखराको मणिपाल शिक्षण अस्पताल ल्याइएको छ ।

# बरालका उम्मेदवार आउन सकेनन्

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर




नेपाली कांग्रेस कास्की जिल्ला कार्यसमितिको नयाँ टिम चुनिएको छ । सभापतिमा किशोरदत्त बरालले जित्दा अरु पदाधिकारी भने उनी इतर समूहबाट निर्वाचित भएका छन् । बरालको समूहबाट उपसभापतिका उम्मेदवार हरिप्रसाद लामिछाने, सचिवमा भरतप्रसाद तिवारी र अमृतकुमार श्रेष्ठ एवं सहसचिवमा विकास थापा र कृष्णमान ठुसाजु थिए । ती सबै पराजित भए । सभापतिमा बरालले भने जितेका छन् । बराल स्वयं पार्टी केन्द्रीय सभापति शेरबहादुर देउवा पक्षधर हुन् । अरु पदाधिकारी भने देउवा इतर समूहबाट विजयी भए ।

उपसभापतिमा युवराज कुँवर ७ सय २९ र रामबाबु भण्डारी ६ सय ८५ मत ल्याएर निर्वाचित भएका छन् । उपसभापतिमा कृष्णप्रसाद ढुंगाना, नारायणप्रसाद श्रेष्ठ, प्रज्वल रञ्जित, विजयराज भण्डारी, रंगीला आचार्य, लेखबहादुर गुरुङ र हरिप्रसाद लामिछाने गरी ९ जनाको उम्मेदवारी परेको थियो ।

सचिवमा भानुभक्त ढकाल र देवेन्द्र भाट निर्वाचित भए । उनीहरुले क्रमश ६ सय ८० र ६ सय ८३ मत पाए । सचिवमा अमृतकुमार श्रेष्ठ, कृष्णप्रसाद तिमिल्सिना, भरतप्रसाद तिवारी, महेन्द्र पुन, राजबहादुर गुरुङ, विष्णुप्रसाद पौडेल र सिरोज कोइरालासमेत प्रतिश्पर्धामा थिए । कांग्रेस विधानले जिल्ला कार्यसमितिमा २ सचिव हुने व्यवस्था गरेको छ ।

सचिव निर्वाचित ढकाल विद्यार्थी राजनीति पृष्ठभूमिबाट पार्टी राजनीतिमा आएका हुन् । उनी गगन थापा निकट मानिन्छन् । अर्को सचिव भाट तारानाथ रानाभाटका भाइ हुन् । उनी अघिल्लो कार्यसमितिमा सचिव मनोनीत भएका थिए ।

सहसचिवमा नवीन सिग्देल ९ सय ५८ र शंकर ढुंगाना ५ सय ३६ मत ल्याएर निर्वाचित भएका छन् । सहसचिवमा कृष्णमान ठुसाजु, गणेबहादुर थापा, जयप्रकाश थापा, देवराज गुरुङ, भीम गौतम, लक्ष्मण पहारी र विकास थापा गरी ९ जनाको उम्मेदवार परेको थियो ।

महानगरबाट चुनिनेसदस्यमा १८ जना मैदानमा थिए ।तीमध्ये ७ निर्वाचित भएका छन् । ३ महिला सदस्य निर्विरोध भए भने ४ जनामतदान छानिए । विजयालक्ष्मी कोइराला, विष्णु कार्की र सीता शर्मा निर्विरोध भएका हुन् । डा. दीपक सुवेदीले ७ सय ६५, माइकल कर्माचार्यले ६ सय ९३, युवक लामिछाने(युवराज)ले ६ सय ९३ र विश्वशंकर पालिखेले ६ सय २४ मत ल्याएर सदस्य निर्वाचित भएका छन् ।

कास्कीका गाउँपालिकाबाट १ महिला र १ खुला सदस्य निर्वाचित हुने व्यवस्था छ ।रुपा गाउँपालिकाबाट दक्षिणा सुवेदी र खेमबहादुर गुरुङ निर्वाचित भएका छन् । उनीहरुले क्रमश ८ सय ६६ र ८ सय ९५ मत पाए । मादी गाउँपालिकाबाट धनमाया गुरुङ निर्विरोध चयन भइन् भने ऋषिराम सुवेदी ९ सय ४७ मत ल्याएर निर्वाचित भइन् ।


अन्नपूर्ण गाउँपालिकाबाट २ महिला निर्विरोध बने।देवी गुरुङ र विष्णु अधिकारी सर्वसम्मत चुनिएका हुन् । माछापुच्छ्रे गाउँपालिकाबाट लक्ष्मी लम्साल निर्विरोध भएकी छन् ।सुदीप गौतम ७ सय ४२ मत ल्याएर माछापुच्छ्रेबाट जिल्ला सदस्य निर्वाचित भए।

जिल्ला सदस्यमा खसआर्य महिला २, खुला २ रहने व्यवस्था अनुसार २ जना निर्विरोध चयन भएका छन् । निर्विरोध छानिनेमा ज्योति कोइराला र तारा बराल छन् । खुलातर्फ भने गणेश बस्नेत ३ सय ९३ र रामजीप्रसाद कोइराला ४ सय ३० मत पाएर चुनिए ।

कांग्रेस विधान अनुसार आदिवासी जनजातिमा २ महिलासहित ४सदस्य चुनिन्छन् । महिलामा तारादेवी गुरुङ र चन्द्रमाया गुरुङ निर्विरोध भए भने चौबहादुर गुरुङ ७ सय १७ र मानेन्द्र कुमाल ७ सय १६ मत ल्याएर निर्वाचित भएका छन् । जिल्ला कार्यसमितिमा अपांग, अल्पसंख्यक खुलामा १ जना रहने व्यवस्था छ । यो कोटामा अर्पण कोइराला निर्विरोध भइसकेका छन् ।

जिल्ला कार्यसमितिमामधेसी, मुस्लिम, थारु खुलाबाट पनि १ सदस्यचुनिने व्यवस्था छ । जसअनुसार कसिरन मियाँ १ हजार ४७ मत ल्याएर सदस्य बने । महाधिवेशन प्रतिनिधि अपांगबाट ईशा बराल निर्विरोध चयन भइन् भने भीमप्रसाद पौडेल ९ सय ५७ मत ल्याएर निर्वाचित भए ।

यसअघि नै किशोरदत्त बराल सुदीपमोहन भट्टराईलाई पराजित गर्दै सभापतिमा निर्वाचित भएका हुन् ।






## सम्पादकीय

# ओमिक्रोन फैलिन नदिऊँ

कोभिड १९ को दोस्रो लहरबाट जनजीवन सामान्य हुन नपाउँदै आएको कोरोना भाइरसको नयाँ भेरिएन्टले विश्वभर नै चिन्ता थपिएको छ । तेज गतिमा फैलिइरहेको नयाँ भेरिएन्ट बी.१.१.५२९ का कारण विश्व नै त्रसित हुँदै छ । विश्व स्वास्थ्य संगठनले ओमिक्रोन नाम दिएको यो भेरिएन्टविरुद्ध हालसम्म बनेका खोप प्रभावकारी नहुने र संक्रमण दर पनि बढ्ने भन्दै विज्ञहरूसमेत चिन्तित छन् । नयाँ भेरियन्ट रोकथामका लागि धेरै देशले तयारी थालेका छन् । भारतसँग खुला सीमा रहेको र अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्था पनि प्रभावकारी नरहेको नेपाल यसको जोखिममा छ । लकडाउन, निषेधाज्ञा हुँदै विस्तारै सामान्य जनजीवनतर्फ जान लागेको नेपाललाई यसले थप त्रसित बनाएको छ । अहिलेबाटै सुरक्षा सावधानी नअपनाए हामीसँग पछुताउनुको विकल्प हुँदैन ।

दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने खतरा छ । नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि भएको छैन । यसको संक्रमण पुष्टि नभए पनि उच्च जोखिममा रहेको देखिन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सिमाना जोडिएका नाकामा कडाइ गर्नु जरुरी छ । विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको सूक्ष्म निगरानी गर्नु जरुरी छ । ओमिक्रोनको फैलिने गति र यसले पार्ने असरबारे अध्ययन हुन बाँकी नै छ । यसअघि आएका कोभिडका लहर हामीलाई थाहा दिएरै आएका थिए । विश्वका विभिन्न देशमा लकडाउन हुँदा र संक्रमण बढ्दा पनि हामीले तयारी गरेनौं । सीमा र जनजीवनमा लापरवाही गरिरह्यौं । फलस्वरुप देशव्यापी लकडाउन र संकट हामीले व्यहोर्यौं । सरकारी स्वास्थ्य संस्थाका सिमितता र निजी स्वास्थ्य संस्थाको गैरजिम्मेवार व्यवहार विडम्बनापूर्ण देखियो । महामारीबाट स्वास्थ्य, शिक्षा जस्ता क्षेत्र सरकारले नै चलाउनुपर्ने शिक्षा सिक्नु जरुरी थियो । संकट भोग्यौं र हामीले सिकेनौं । अहिले बजेको खतराको घन्टीले लापरवाहीको चर्को मूल्य चुकाउनुपर्ने संकेतसमेत गरेको छ ।

अहिले सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलगायत सबै नाकाका हेल्थ डेस्कलाई सतर्क बनाएको छ । दक्षिण अफ्रिकाबाट आउनेहरूको हेल्थ डेस्कमा परीक्षण, सिक्वेन्सिङ र क्वारेन्टिन गर्न थालिएको छ । खोपले पछिल्लो समय धेरै मुलुकलाई राहत दिएको थियो । बन्द भएका अन्तर्राष्ट्रिय सीमाहरू खुल्न थालेका थिए । नयाँ भेरिएन्ट भेटिएसँगै फेरि कतिपय मुलुकले प्रतिबन्धात्मक व्यवस्था गर्न थालेका छन् । यो भेरिएन्ट दक्षिण अफ्रिकासहित बोत्सवाना, हङकङ र इजरायलमा देखिएको छ। अहिले देशैभर मेला, महोत्सवको मिति घोषणा भएको छ । सबैजसो राजनीतिक दलका महाधिवेशन हुँदै छन् । अर्थात् ठूला जमघट र समारोहहरु लगातार भइरहने देखिन्छ । नयाँ संकट संघारमा आइपुग्दासमेत विगतबाट पाठ नसिक्ने हो भने ठूलो मानवीय र भौतिक क्षति व्यहोर्नुपर्ने हुन सक्छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, हेमन्तर्तुः, राक्षस नाम संवत्सर, श्रीशाके १९४३, सम्वत २०७८ साल मंसिर १५ गते बुधबार नेपाल सम्बत ११४२ कछलागा,सन् २०२१ डिसेम्बर १ तारिक कृष्णपक्ष द्वादशी तिथि राती ८ वजेर २० मिनेटसम्म, चित्रा नक्षत्र अपरान्ह ४ वजेर १७ मिनेटसम्म, सौभाग्ययोग, कौलवकरण, आनन्दादियोग काल, सूर्य वृश्चिक राशिमा, चन्द्रमा तुला राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ सहज बातावरण देखिदैन,परिश्रमको फल मिल्नेछ ।
- **वृष** ■ अल्प लाभ, भाई बन्धुको सहयोग कम प्राप्त हुनेछ ।
- **मिथुन** ■ काम गर्ने जोश जागर घट्नेछ,खर्च घट्ने छैन ।
- **कर्कट** ■ आफुसँग भएको उर्जालाई सदुपयोग गर्नु होला ।
- **सिंह** ■ ईष्ट मित्रका कारण संचित धन खर्च हुन सक्छ ।
- **कन्या** ■ लाभ, समयको सदुपयोग गर्ने बेला आएको छ ।
- **तुला** ■ हतारमा कुनै निर्णय नलिनु पछि पश्चताप हुनेछ ।
- **वृश्चिक** ■ पराक्रम बढ्ेन, व्यापारबाट आम्दानी बढ्नेछ ।
- **धनु** ■ आफुमा भएको उर्जालाई खेर जान नदिनु होला ।
- **मकर** ■ धार्मिक विश्वास बढ्ने, कारोवारमा चनाखो रहनु ।
- **कुम्भ** ■ व्यापार व्यवसायमा मन्दि आउने देखिन्छ ।
- **मीन** ■ दिनको अधिकाँश समय अनुकुल, आय बढ्नेछ ।


**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293


# ओमिक्रोन भेरियन्ट कस्तो छ ?



**डा. शेरबहादुर पुन**

दक्षिण अफ्रिकामा कोरोना भाइरसको अस्वाभाविक तीव्रता बढ्दै गएपछि ९ नोभेम्बरमा संकलन गरिएको नमूनाको जेनेटिक विश्लेषण गर्दा बी.१.१.५२९ भाइरस भएको पत्ता लाग्यो । सो भाइरसमा अत्यधिक जेनेटिक कोडमा परिवर्तन देखिएपछि २४ नोभेम्बरमा विश्व स्वास्थ्य संगठनलाई सो नयाँ भाइरसको बारेमा जानकारी दिइयो ।

२६ नोभेम्बरमा विश्व स्वास्थ संगठनले प्रेस विज्ञप्तिमार्फत् सो भाइरसलाई 'ओमिक्रोन भेरियन्ट' नामकरण गर्‍यो र यसलाई 'भेरियन्ट अफ कन्सर्न' अन्तर्गत राखिएको छ । प्रारम्भिक नतिजाले अरू 'भेरियन्ट अफ कन्सर्न' का भाइरसभन्दा 'ओमिक्रोन भेरियन्ट' ले बढी रि-इन्फेक्सन (पुन: संक्रमण) गराउन सक्ने क्षमता देखाएको भनिएको छ ।

धेरै प्रयोगशालामा गरिएको पिसिआर परीक्षणमा कोरोना भाइरसको स्पाइक जीन देखाउन वा पत्ता लगाउन नसकेको भनिएको छ । यसबाट यो भाइरसको स्पाइक जीनमा ठूलो परिवर्तन भएको संकेत गर्दछ । अहिले स्पाइक जीनमा देखिएको ठूलो परिवर्तनले गर्दा नै वैज्ञानिकहरूमा चिन्ता बढेको छ ।

हाल उपलब्ध अधिकांश खोप कोरोनाको स्पाइक जीनलाई नै लक्षित गरेर विकास गरिएका छन् । तर खोप लगाएपछि बनेका एन्टिबडीले स्पाइक जीनमा अत्यधिक स्वरूप परिवर्तन भए त्यसको पहिचान गरी निष्क्रिय पार्न सक्ने सम्भावना कम हुनेछ ।

अर्थात्, खोपको हाल स्थापित प्रभावकारिताको स्तर खस्कन सक्ने सम्भावना रहन्छ । यसैलाई आधार मानेर एकथरीले खोप नै पूर्ण प्रभावहीन हुने आकलन गरिरहेका छन् । यस्तै, सम्भावना/अनुमान 'डेल्टा भेरियन्ट'मा पनि गरिएको थियो। 'डेल्टा भेरियन्ट'विरूद्ध खोपको प्रभावकारिता क्लिनिकल ट्रायलमा देखिएकोभन्दा केही खस्किएको भएता पनि समग्रमा धेरैलाई जटिल वा मृत्यु हुनबाट जोगाएको थियो । यसको राम्रो उदाहरणमा नेपाललाई लिन सकिन्छ किनभने दोस्रो लहरको कारक मानिएको डेल्टा भेरियन्टले खोप लगाएकाहरूमा जटिल अवस्था ल्याएर अस्पतालको सघन उपचार कक्षसम्म ल्याएको लगभग देखिएन । अर्थात् अधिकांश बिरामीहरू खोप नलगाएकाहरू नै थिए ।

दक्षिण अफ्रिकामा दुई मात्रा पूर्ण खोप लगाएकाहरू कम भएकाले पनि भाइरस तीव्र गतिमा फैलिएको वा संक्रमितमा जटिल अवस्था देखिँदै गरिरहेको हुन सक्छ । तर दुई मात्रा पूर्ण खोप लगाइसकेका देशहरूमा पनि 'ओमिक्रोन भेरियन्ट' ले जटिल अवस्था ल्याउन थाले भनेचाहिँ अहिले विकास भएका खोपहरू प्रभावविहीन रहेछ भन्ने आधार हुनेछ । तसर्थ कुनै परीक्षण वा अनुसन्धानबिना खोपले पूर्ण रूपमा कामै गर्दैन भन्नु तर्क संगत देखिँदैन ।

त्यस्तै 'ओमिक्रोन भेरियन्ट' डेल्टाभन्दा पनि कडा छ वा हुन सक्छ भन्ने पर्याप्त आधार पनि देखिँदैन । धेरै जेनेटिक कोड परिवर्तन हुनेबित्तिकै भाइरसको अघिल्लो भेरियन्टभन्दा फरक हर्कत हुन सक्छ तर त्यो कडा वा नरम जे पनि हुन सक्छ र 'ओमिक्रोन भेरियन्ट' को घातकताबारे आजको मितिसम्म अध्ययनकै विषय बनेको छ । यसबारे तथ्यहरू बाहिर आइसकेका छैनन् । दक्षिण अफ्रिकामा देखिएको 'ओमिक्रोन भेरियन्ट' ले विश्वमा जस्तै नेपालमा पनि पछिल्लो केही दिनयता त्रास बढाएको छ । नेपाल कति जोखिममा छ भन्ने चासो सबैमा बढ्दै गएको देखिन्छ । नेपालमा मुख्यतय दुई नाकाबाट 'ओमिक्रोन भेरियन्ट' प्रवेश गर्ने सम्भावना देखिन्छ । एक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भने अर्को नेपाल-भारत खुला सीमाना । विगतमा पनि यी २ नाकाबाट कोरोना भाइरस नेपाल भित्रिएको अनुभव छ ।




> **पूर्ण खोप लगाइसकेका देशहरूमा पनि ओमिक्रोनले जटिल अवस्था ल्यायो भनेचाहिँ खोपहरू प्रभावविहीन रहेछ भन्ने आधार हुनेछ**

भारतमा 'ओमिक्रोन भेरियन्ट' फैलिन सुरू भए नेपालमा आउनबाट पूर्णरूपमा रोक्न लगभग असम्भव छ भन्ने विगतको अनुभवले पनि देखाएको छ । तसर्थ, नेपालमा संकलन गरेका नमूनाको पिसिआरमा 'एस जीन' नेगेटिभ देखिए जीन सिक्वेन्सिङ गरी 'ओमिक्रोन भेरियन्ट' हो वा होइन भनेर पुष्टि गर्नुपर्छ ।

त्यस्तै, नेपालमा राजनीतिक जमघट बढ्दै जाँदा कोरोनाको जोखिम पनि बढ्दै गइरहेको छ । डेल्टा भेरियन्टले उचाइ लिनुभन्दा अगाडि पनि यस्तै ठूल्ठूला राजनीतिक जमघट/सभा सम्मेलन भएका थिए । आजको मितिसम्म 'ओमिक्रोन भेरियन्ट' बारेमा तथ्य कम, अनुमान बढी हुँदै आइरहेका छन् ।

प्रारम्भिक नतिजाले यो भाइरस छिटो फैलिने तथा अरू भेरियन्ट भन्दा बढी पुन: संक्रमण गर्न सक्ने क्षमता बढिरहेको भनिएको छ । तर कति घातक र खोपको प्रभावकारितालाई कति र कसरी चुनौती दिनसक्छ भन्ने बारेमा पूर्ण जानकारी आउन भने बाँकी नै छ । तसर्थ, अनुसन्धान, अनुभवबिना 'ओमिक्रोन भेरियन्ट' डेल्टाभन्दा कडा र हाल उपलब्ध खोपहरूलाई पूर्ण प्रभावहीन बनाउँछ भन्नु हतारो हुन्छ । तर पनि 'ओमिक्रोन भेरियन्ट' मा विशेष गरेर स्पाइक जीनमा अत्यधिक म्युटेसन देखिएको हुँदा सबैको मनमा अन्योल, त्रास र आ-आफ्नै अनुमान छन् ।

# जनताको आक्रोश किन ?



**रेशम शर्मा बस्ताकोटी**

गणतान्त्रिक बहुदलीय संघीय व्यवस्था नेपाली जनताका लागि विश्वसनीय व्यवस्था हो कि भन्ने थियो । तर आज जनता नै धरापमा पर्न सक्ने व्यवस्था देखिएको छ । नागरिकले बुझ्न चाहेको वर्तमान अवस्थामा नेतृत्वले जनभावनाको कदर गर्न सकिरहेको पाइँदैन । पागल व्यक्ति बर्बराए झैं हाम्रा नेताहरू मञ्चबाट बर्बराउँदै एक अर्काको टीकाटिप्पणी गर्ने, चिच्याउने, गिजाउने तथा नागरिकका बीच फाटो, आलोपालो नेतालाई रिगाइरहेका छन् । समयको कालक्रममा विदेशीको इशारामा चल्ने हाम्रा प्रतिनिधिलाई जनताले छाड्ने छैनन् ।

सबै नागरिक राष्ट्रका सेवक हुन् । राष्ट्रका लागि नेपाली आफू मर्न तयार छन् । नेतृत्वबाट राष्ट्रलाई ओझेलमा राख्न खोज्नु जनताका लागि अपराध हो । नाक नभएको व्यक्तिलाई नकटो भने जस्तै देशमा आज त्यस्तै किसिमका नकचराहरूको हालिमुली चलिरहेको छ । जनताबीच आफूले गरेका वाचा कबोललाई भुलेर रमिते हुने नेताहरूबाट राष्ट्रको विकास हुन सक्दैन । आत्म पवित्र हुन्थ्यो भने जनआवाज उर्लदैनथ्यो । यसैले राष्ट्र र जनहितका कार्यमा अगाडि बढ्नुभन्दा पछाडि फर्कन रुचाउने हाम्रा नेता वर्तमानमा दानव प्रवृत्तिका हुन थालेको अनुभूति आम जनताले गरेको पाइन्छ ।

आफ्नो शरीरको मैला आफै सफा गर्नुभन्दा झन् मैलाको संगत गर्न चाहने विदेशीका दलालहरूको रंगीचंगी देख्दा जनता भयभित हुनु स्वभाविकै हो । तलदेखि माथिसम्मको नेतृत्व बीच आफू आफू नै हो हल्ला मच्चाई गाईका बथानमा स्याल पसे झैं जनता भड्काउने गरिएको छ । राष्ट्रको सम्मानित सर्वोच्च अदालत परिसरभित्र विद्वान् भनी गनिएका जनताले भगवान्को रूप सम्झेका माननीय न्यायाधीशहरू बीचको उग्ररूपको भीडन्त देख्दा देख्नेलाई लाज भइरहेको छ ।

अन्तर्राष्ट्रिय जगतका जनता विद्वान् व्यक्ति तथा विभिन्न न्यायाधीशले नेपालका विद्वान्लाई कस्ता नजरले हेरेका होलान् त्यसतर्फ लाज नमानी हिँड्ने बोल्ने नेतृत्वको विकल्पका रूपमा राजा आऊ भन्नु रहरभन्दा पनि बाध्यता भएको छ । श्रीपेचसहितको राजसंस्था देशमा नभए पनि आफूलाई छोटे राजा सम्झनेको कमी छैन । यसैले विश्वमा राजा हुन चाहने कैयौं भए पनि जनताको मन जित्न सक्ने जनताले विश्वास मानिएको वैधानिक राजसंस्था भित्रको परम्पराले मात्र राजा घोषणा गर्छ ।

खेतबारीको कान्लामा कोदाली, हँसिया फालेर म राज्य चलाउन सक्छु भनेर हातमा चप्पल बोक्दै सिंहदरबार छिर्नेहरूबाट नेपाल र नेपालीको पूर्व शान र सम्मानमा धक्का दिएको देखिन्छ ।

आफूले आफैंलाई महान् सम्झने होइन महान् त जनताले बनाउने हो । एक पटक छिमेकतर्फ हेर्ने हो भने चीनका माओ, भारतका महात्मा गान्धी ताहाका जनताका आँखाको नानी त्यसै भएका होइनन् । त्यस्तै नेपालीको आँखाको नानी हाम्रा जननिर्वाचित प्रतिनिधि हुन नसकेर नै आज हिजोको राजसंस्थाको गौरव र गरिमालाई नेपालीले राष्ट्रवादी राजसंस्था बनेर सम्झिरहेका छन् ।

जुन जोगी आए पनि कानै चिरेका भन्ने कुरा जनताले देखिसके, भोगिसके । अभिभावकबाटै खतरा उत्पन्न हुन्छ भने त्यस्तो अभिभावक कसैका लागि पनि मान्य हुन सक्दैन । धनीले गरीबलाई सधैं हात थाप्ने भएस् भन्ने चाहना पाल्नु, गहिराइ नबुझी मीठो छ भन्दैमा जुठो खान हुँदैन । बेलुका जाड रक्सी पिउने मानिसले बेलुका खाएको भुल्छ भने जस्तै विदेशीको जुठो खान पल्केकाहरूबाट आफ्नो धर्म, संस्कार, संस्कृति संरक्षण हुँदैन । त्यसै भएर साम्रज्यवाद र विस्तारवादले बिरालाले मुसा खेलाए झैं राज्य सञ्चालकलाई खेलाई रहेको बुझिन्छ ।

एक सय १६ राष्ट्रले शान्ति क्षेत्र देश नेपाल भनेर समर्थन गरिसकेको सुन्दर देवभूमिमा आज दानवीय प्रवृत्ति हालीमुली हुनाले जनता निरास हुनपरेको छ । परम्परा र आफ्नो संस्कृतिलाई पाखा लगाई परधर्मतर्फ अग्रसर हुनु भनेको राष्ट्रलाई विखण्ड गर्न चाहेको बुझिने हुँदा राष्ट्रवादी युवाशक्ति जाग्न पर्ने अवस्था देखिएको छ । अबको विकल्प भनेको राजसंस्था नै हो भन्ने भएकाले त्यतातर्फ जनता लाग्नु आफ्नो कर्तव्य हुने नेपालीले सम्झेकाले पछिल्लो समय राष्ट्र र राष्ट्रियताका लागि सबै नेपाली एकजुट हुनु परेको देखेर तर माराहरु तर्सेका छन् । निर्वाचन लडेर आउन आग्रह गरिरहेका छन् ।




> **जनताबीच आफूले गरेका वाचा कबोललाई भुलेर रमिते हुने नेताहरूबाट राष्ट्रको विकास हुन सक्दैन**

हिजो जनताको घरको धुरीबाट धूँवा ननिस्केसम्म आफू खाना नखाने राजसंस्था जन्माउने स्वर्गभूमि नेपाल भएकाले त्यो इतिहासलाई भूल्ने काम नगरौं । नेतृत्वले आफ्ना लागि यश, आराम खोज्ने होइन इतिहास बनाउने हो, सत्य भनेकै इतिहास हुन्छ । जननायक वीपी कोइरला, लौहपुरुष गणेशमान सिंह, सन्त नेता कृष्णप्रसाद भट्टराई, जननेता मनमोहन अधिकारी, मदन भण्डारीले पनि संवैधानिक राजसंस्था राष्ट्रका लागि अपरिहार्य छ भन्ने गरेको व्यवहार इतिहासबाट पाउँछौं । आजका जस्ता आफ्नो पेट र आफ्नामात्र हेर्ने देशको राजसंस्था रहेको भए आफैलाई राजा घोषणा गर्न सक्थे ।

उनीहरूले मर्यादा र अनुशासन पालना गर्नु नै महत्वपूर्ण सम्झी देशको इज्जत राख्न राजाले नातिलाई गद्दीमा राखी राज्य सञ्चालन गरे । राष्ट्रको गौरवपूर्ण इतिहास परम्परालाई वर्तमान अवस्थामा अपमान गर्ने काम जनताका लागि योग्य हुन सक्दैन । यसर्थ जनभावनालाई कदर गरी नेतृत्व अगाडि बढ्नु राष्ट्र र जनताका लागि हितकर हुने देखिन्छ ।


## वर्गीकृत विज्ञापन डिस्प्ले

**तु कर्मचारी आवश्यकता**
अति व्यस्त सडक न्युरोड पोखरामा अवस्थित अति व्यस्त रेष्टुरेण्टको लागि निम्न कर्मचारी आवश्यक परेको जानकारी गराउँदछौं ।
कुक (नेपाली/इण्डियन)- ३ जना
सहायक कुक- २ जना
वेटर लेडिज/जेन्स- ४ जना
अनुभवीले मात्र सम्पर्क गर्नुहोला ।
जीवन शर्मा
९८०६६२२२४२

**सटर र कोठा भाडामा**
पोखरा ८ सभागृह चोक र सृजना चोकको बीच हाइवेमा SBI बैंकसंगैको घरमा भित्री सटर तथा भुइँ तलामा ५०० बर्ग फुटको हल अफिसको लागि अति उपयुक्त कोठारहल भाडामा छ ।
सम्पर्क:
9856036479

**तु-आवश्यकता**
New Branch Office को लागि कर्मचारी आवश्यकता।
आवश्यक संख्या: ९ लेडिज / जेन्स
योग्यता: SLC, + 2 above
तलब: १३,००० देखि २०,००० सम्म
सम्पर्क: 9821325720, 9846381661
नोट: साधारण लेखपढलाई पनि रोजगारको व्यवस्था छ।

**तु-आवश्यकता**
१. लाइट ड्राइभर- १ जना
२. सेल्स मेन (सेनेटरी सम्बन्धी जानकारी) - १ जना
सम्पर्क:
फोन नं. ०६१-५८७०४७, ९८१५१६७७९९, ९८१५१६७७९९
तुलसीमार्ग, महेन्द्रपुल

**शेयर तालिम पोखरामा**
लामो समयदेखि शेयर बजार सम्बन्धी तालिम दिदै आउनु भएका काठमाडौंका ख्याति प्राप्त प्रशिक्षकबाट एक दिने Fundamental & Technical Analysis को तालिम सञ्चालन हुने हुँदा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।
नोट: सीट सीमित छ ।
मिति: २०७८ मंसिर १८ गते
समय: बिहान १० देखि ५ बजेसम्म
आयोजक:
Active Investors Group
9856003835, 9821362318

**तु-आवश्यकता**
स्वास्थ्य जनजागरण कार्यालयलाई निम्न कर्मचारी आवश्यकता।
आवश्यक संख्या: ७ लेडिज / जेन्स
योग्यता: Test, SLC, + 2 above
तलब: १२,५०० देखि १९,५०० सम्म
सम्पर्क: 9806646755
9825121466, 9846057770
नोट: टाढाबाट आउनको लागि गाडीभाडाको पनि व्यवस्था छ।

**तु-आवश्यकता**
C.I Office लाई
५ कर्मचारी आवश्यकता
पद : बजार प्रतिनिधि
शैक्षिक योग्यता : +२ वा सो सरह
लक्षित तलब : ८५०० देखि १८५००
अन्य सुविधा : T.A. Bonus, Insurance
सम्पर्क :
क्रियटिभ इन्टनरनेशनल
सृजनाचोक, पोखरा
9806545801, 9846041715

**तु-आवश्यकता**
१) सेक्यूरिटी गार्ड- १ जना पुरुष, ड्यूटी समयमा खाना खाजाको व्यवस्था, अनुभवी र तालिम प्राप्तलाई प्राथमिकता ।
२) किचन हेल्पर- १ जना (महिला
तलब: आकर्षक
सम्पर्क:
कास्की मोडनाइज्ड एकेडेमी
पोखरा-१४, चाउथे
०६१-५३९००७, ५८९००८ ९८५६०८१२९९

**घडेरी बिक्रीमा**
हेम्जामा घडेरी बिक्रीमा, नयाँ बन्दै गरेको रेष्टुरेन्ट भाडामा, भरतपुर चितवनमा घडेरी बिक्रीमा।
सम्पर्क: ९८४६०४४१०५, ९८१९१७७३६८
काहुँ खोला पाटन बेसी १३ मा घर बिक्रीमा।
सम्पर्क: ९८४६८७७३६८

**तु-आवश्यकता**
कुक- १ जना
तलब: १८,०००।-
Barista-१ जना
तलब: १५,०००।-
Waiter (Boys)-१ जना
तलब: १०,०००।-
सम्पर्क नं.:
98560-29163

**रेष्टुरेन्ट बिक्रीमा**
फुलबारी स्थित चालु अवस्थाको रेष्टुरेन्ट तु-बिक्रीमा छ ।
सम्पर्क:
९८१९१-१९८४९

**तु-आवश्यकता**
W.I. Office को लागि
साधारण- ४ जना
SEE- ५ जना
+2 above- ३ जना
तलब : 14500 देखि 19500
Contact :
9806544029
9846060585

# नेपाली कांग्रेस कास्कीको मत परिणाम

**सभापति १ जना**

| क्र.सं. | उम्मेदवारको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | आइबहादुर गुरुङ | सभापति | |
| २ | किशोरदत्त बराल | सभापति | ९९५ निर्वाचित |
| ३ | गिरिराज गौतम | सभापति | |
| ४ | पोषनाथ शर्मा | सभापति | |
| ५ | सुदीपमोहन भट्टराई | सभापति | ९१५ |
| | **उपसभापति २ जना** | | |
| १ | कृष्णप्रसाद ढुंगाना | उपसभापति | १५० |
| २ | नारायणकुमार श्रेष्ठ | उपसभापति | २४१ |
| ३ | प्रज्वल रन्जित | उपसभापति | २९ |
| ४ | विजयराज भण्डारी | उपसभापति | २५५ |
| ५ | युवराज कुँवर | उपसभापति | ७२१ निर्वाचित |
| ६ | रामबाबु भण्डारी | उपसभापति | ६८५ निर्वाचित |
| ७ | रंगिला आचार्य | उपसभापति | ४४ |
| ८ | लेखबहादुर गुरुङ | उपसभापति | ५५५ |
| ९ | हरिप्रसाद शर्मा लामिछाने | उपसभापति | ३०७ |
| | **सचिव २ जना** | | |
| १ | अमृतकुमार श्रेष्ठ | सचिव | २१७ |
| २ | कृष्णप्रसाद तिमिल्सिना | सचिव | ४३६ |
| ३ | देवेन्द्र भाट | सचिव | ६८० निर्वाचित |
| ४ | भरतप्रसाद तिवारी | सचिव | ५७८ |
| ५ | भानुभक्त ढकाल | सचिव | ६८३ निर्वाचित |
| ६ | महेन्द्र पुन | सचिव | १९० |
| ७ | राजबहादुर गुरुङ | सचिव | ३४७ |
| ८ | विष्णुप्रसाद पौडेल | सचिव | ४४४ |
| ९ | सिरोज कोइराला | सचिव | ३३५ |
| | **सह-सचिव २** | | |
| १ | कृष्णमान ठुसाजु | सह-सचिव | २५६ |
| २ | गणेशबहादुर थापा खत्री | सह-सचिव | ३०१ |
| ३ | जयप्रकाश थापा | सह-सचिव | २२५ |
| ४ | देवराज गुरुङ | सह-सचिव | २३९ |
| ५ | नवीन सिग्देल | सह-सचिव | ९५८ निर्वाचित |
| ६ | भीम गौतम | सह-सचिव | ३४३ |
| ७ | लक्ष्मण पहारी | सह-सचिव | १८१ |
| ८ | विकास थापा | सह-सचिव | ४९० |
| ९ | शंकर ढुंगाना | सह-सचिव | ५३६ निर्वाचित |
| | **सदस्य : पोखरा महानगर पालिका महिला ३ जना खुला ४ जना** | | |
| १ | विजयालक्ष्मी कोइराला | महिला सदस्य | निर्विरोध |
| २ | विष्णु कार्की | महिला सदस्य | निर्विरोध |
| ३ | सीता शर्मा | महिला सदस्य | निर्विरोध |
| १ | कृष्णप्रसाद जमरकट्टेल | सदस्य | २६१ |
| २ | कृष्णप्रसाद शर्मा | सदस्य | ४२५ |
| ३ | गुरुदत्त पहारी | सदस्य | १२५ |
| ४ | जुठे- सक्मान सदाशंकर | सदस्य | १८९ |
| ५ | टेकप्रसाद अधिकारी | सदस्य | ४८५ |
| ६ | तिलकशाली सापकोटा | सदस्य | ७६५ |
| ७ | डा.दीपक सुवेदी | सदस्य | ७६५ निर्वाचित |
| ८ | धनेश्वर न्यौपाने | सदस्य | २४१ |
| ९ | ध्रुवराज चालिसे | सदस्य | ३३० |
| १० | प्रकाशचन्द्र रेग्मी | सदस्य | ३१४ |
| ११ | माइकल कर्माचार्य | सदस्य | ६९३ निर्वाचित |
| १२ | युवक लामिछाने (युवराज) | सदस्य | ६६४ निर्वाचित |
| १३ | विश्वशंकर पालिखे | सदस्य | ६२४ निर्वाचित |
| १४ | शिवप्रसाद पोखरेल | सदस्य | ३३० |
| १५ | शंकर वहादुर खत्री | सदस्य | ३५२ |
| १६ | सुरेन्द्र बस्नेत | सदस्य | ३०१ |
| १७ | सूर्यप्रसाद घिमिरे | सदस्य | २४६ |
| १८ | श्रीबहादुर रानाभाट | सदस्य | ३३५ |
| | **सदस्य : रुपा गाउँपालिका महिला १, खुला १** | | |
| १ | दक्षिणा सुवेदी | महिला सदस्य | ८६६ निर्वाचित |
| २ | गंगा गुरुङ | महिला सदस्य | ८४८ |
| १ | खेमबहादुर गुरुङ | सदस्य | ८९५ निर्वाचित |
| २ | लक्ष्मण थापा | सदस्य | ७८५ |
| | सदस्य : मादी गाउँपालिका महिला १, खुला १ | | |
| १ | धनमाया गुरुङ | महिला सदस्य | निर्विरोध |
| १ | ऋषिराम सुवेदी | सदस्य | ९४७ निर्वाचित |
| २ | प्रेम तामाङ | सदस्य | ७२७ |
| | **सदस्य : अन्नपूर्ण गाउँ पालिका महिला १, खुला १** | | |
| १ | देवी गुरुङ | महिला सदस्य | निर्विरोध |
| १ | विष्णु अधिकारी | सदस्य | निर्विरोध |
| | **सदस्य : माछापुच्छ्रे गाउँपालिका महिला १, खुला १** | | |
| १ | लक्ष्मी लम्साल | महिला सदस्य | निर्विरोध |
| २ | कृष्णप्रसाद अधिकारी | सदस्य | ५९८ |
| ३ | मौसम कार्की | सदस्य | ४२५ |
| ४ | सुदीप गौतम | सदस्य | ७४२ निर्वाचित |
| | **सदस्य : जिल्ला कार्य समिति खस आर्य महिला २, खुला २** | | |
| १ | ज्योति कोइराला | सदस्य खस आर्य महिला | निर्विरोध |
| २ | तारा बराल | सदस्य खस आर्य महिला | निर्विरोध |
| १ | केशवराज अधिकारी | सदस्य खस आर्य | २१२ |
| २ | गणेश बस्नेत | सदस्य खस आर्य | ३९३ निर्वाचित |
| ३ | छविरमण पौडेल | सदस्य खस आर्य | २५४ |
| ४ | ढकबहादुर थापा | सदस्य खस आर्य | ३५३ |
| ५ | भगवती थापा रावत | सदस्य खस आर्य | ११८ |
| ६ | भरत केसी | सदस्य खस आर्य | ३४५ |
| ७ | मोहदत्त पोखरेल | सदस्य खस आर्य | १६२ |
| ८ | रामप्रसाद गौतम | सदस्य खस आर्य | १०१ |
| ९ | रामजीप्रसाद कोइराला | सदस्य खस आर्य | ४३० निर्वाचित |
| १० | विष्णुप्रसाद बराल | सदस्य खस आर्य | ३२४ |
| ११ | सागर रानाभाट | सदस्य खस आर्य | ३६७ |
| १२ | हेमबहादुर बन्जारा भाट | सदस्य खस आर्य | १५४ |
| १३ | ज्ञानबहादुर कार्की | सदस्य खस आर्य | २३५ |
| | **सदस्य : जिल्ला कार्य समिति आदिवासी जनजाति महिला २, खुला २** | | |
| १ | तारादेवी गुरुङ | सदस्य आ.जनजाति महिला | निर्विरोध |
| २ | चन्द्रमाया गुरुङ | सदस्य आ.जनजाति महिला | निर्विरोध |
| १ | चौबहादुर गुरुङ | सदस्य आदिवासी जनजाति | ७१७ निर्वाचित |
| २ | नसिब गुरुङ | सदस्य आदिवासी जनजाति | ५४१ |
| ३ | प्रकाश उदास | सदस्य आदिवासी जनजाति | ६८४ |
| ४ | मानेन्द्र कुमाल | सदस्य आदिवासी जनजाति | ७१७ निर्वाचित |
| ५ | रामकाजी गुरुङ | सदस्य आदिवासी जनजाति | ६४३ |
| | **सदस्य : जिल्ला कार्य समिति दलित महिला १, खुला १** | | |
| १ | मीनाकुमारी परियार | सदस्य दलित महिला | निर्विरोध |
| १ | मनबहादुर लाम्गादे | | सदस्य दलित निर्विरोध |
| | **सदस्य : जिल्ला कार्य समिति अपांग, अल्पसंख्यक खुला १** | | |
| १ | अर्पण कोइराला | सदस्य अल्पसंख्यक अपांग | निर्विरोध |
| | **सदस्य : जिल्ला कार्यसमिति मधेसी, मुस्लिम, थारु खुला १** | | |
| १ | कसिरन मिया | सदस्य मधेसी, मुस्लिम, थारु | १०४७ निर्वाचित |
| २ | शाहा बुद्धिन मियाँ | सदस्य मधेसी, मुस्लिम, थारु | २६३ |
| ३ | हसन मुस्तफा | सदस्य मधेसी, मुस्लिम, थारु | ४२३ |
| | **महाधिवेशन प्रतिनिधि अपांगबाट १ जना खुला** | | |
| १ | ईशा बराल | महाधिवेशन प्रतिनिधि | निर्विरोध |

**प्रदेश अधिवेशन प्रतिनिधि अपांगबाट १ जना खुला**

| | | | |
|---|---|---|---|
| १ | पितृराज सापकोटा | प्रदेश अधिवेशन प्रतिनिधि | ८०४ |
| २ | भीमप्रसाद पौडेल निर्वाचित | प्रदेश अधिवेशन प्रतिनिधि | ९५७ |

# विमानस्थल भन्सारमा कडाइ

**समाधान संवाददाता**
काठमाडौं, १३ मंसिर




**१ भन्दा बढी ल्यापटप, मोबाइल ल्याए भन्सार लाग्ने, रक्सी भने १ भन्दा बढी बोतल जफत**

त्रिभुवन विमानस्थाल भन्सार कार्यालयले विदेशबाट नेपाल आउने यात्रुले तोकिएको परिमाणभन्दा बढी सुन र सूनका गहना, मोबाइल फोन, ल्यापटप तथा मदिराजन्य पदार्थ ल्याएमा जफत हुने जानकारी गराएको छ ।

कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल आउने नेपाली यात्रुले प्रचलित कानुनले दिएको सुविधाभन्दा बढी परिमाण र स्वरुपमा साथमा त्यस्ता सामग्री ल्याएको पाइएमा कानुन बमोजिम कारवाही हुने स्पष्ट गरेको छ । यात्रुमा प्रचलित कानुनी व्यवस्थाको पर्याप्त जानकारी नभएको एवं अन्य अपरिचित व्यक्तिले ललाइफकाइ त्यस्ता सामग्री पठाउने गरेको भनी बयान दिने गरेको विषयप्रति सो कार्यालयले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

नेपाली नागरिक विदेशमा गई स्वदेश फर्कदा व्यक्तिगत प्रयोगका लागि सुनको गहना ५० ग्राम, १ ल्यापटप, १ मोबाइल र १ लिटरसम्मको १ बोतल मदिरामात्र भन्सार महशुल छुटमा ल्याउन पाइने जानकारी दिइएको छ ।

कार्यालयद्वारा जारी सूचनामा ५० ग्रामभन्दा थप २ सय ग्रामसम्मको सुनका गहनालाई भन्सार महशुल लिइए जाँचपास गर्न सकिने, सोभन्दा ल्याएमा त्यस्तो बढी परिमाण जफत गरिने उल्लेख छ । व्यक्तिगत प्रयोगका सुनका गहनाबाहेक अन्य जुनसकै स्वरुपको सुन अधिकतम १ सय ग्रामसम्मलाई भन्सार महशुल लिइ जाँचपास गर्न सकिने तथा सोभन्दा बढी परिमाणको सुन जफत गरिने उल्लेख छ ।

व्यक्तिगत प्रयोगका लागि भए पनि १ भन्दा बढी ल्यापटप र मोबाइल फोन ल्याएमा भन्सार महसुल लाग्ने तथा मदिराका हकमा भने १ भन्दा बढी बोतल भए जफत गरिने जानकारी दिइएको छ ।

अपरिचित व्यक्तिले दिएको मालवस्तुमा अन्य कुनै अवैध वस्तु लुकाइएको छैन भन्ने सुनिश्चित नभएसम्म अरु कसैको मालवस्तु नलिन/नल्याउन पनि सबैलाई अनुरोध गरिएको छ । अपरिचित वा सामान्य परिचित व्यक्तिले विभिन्न सामग्री आफन्तलाई पुऱ्याइदिन अनुरोध गर्ने र भन्सारमा जाँचका क्रममा त्यस्ता मालवस्तुभित्र लुकाइछिपाइ सुन, चाँदी वा अन्य अवैध वस्तु राखेको फेला परेमा सम्बन्धित यात्रुले नै कारवाही भोग्नुपर्ने व्यवस्थाप्रति भन्सार कार्यालयले सबै तह र तप्कालाई सजग गराएको छ ।

# तनहुँ कांग्रेसमा देउवा पक्षका आले सभापति

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर

नेपाली कांग्रेस तनहुँको सभापतिमा जितप्रकाश आले निर्वाचित भएका छन् । वरिष्ठ नेता रामचन्द्र पौडेलनिकट रहेका उनी पौडेल पक्षबाट जिल्ला सभापतिको उम्मेदवार हुने अवस्था नदेखिएपछि सभापति शेरबहादुर देउवा पक्षका नेताहरूको सहयोगमा जिल्ला सभापति उठेका थिए । आलेले ९५१ मत ल्याएर सभापतिमा निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी वैकुण्ठ न्यौपानेले ७८३ मत ल्याएका थिए ।

सभापति निर्वाचित आलेलाई जिताउन देउवा पक्षीय तनहुँका नेताहरु शंकर भण्डारी, गोविन्द भट्टराई, ध्रुव वाग्ले लगायत लागेका थिए ।

# मुख्यमन्त्री-प्रधानसेनापति भेट



**समाधान संवाददाता**
पोखरा, १३ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माबीच आइतबार भेट भएको छ । मुख्यमन्त्री कार्यालयमै दिउँसो भएको भेटमा मुलुकको शान्ति सुरक्षा र समसामयिक विषयमा कुराकानी भएको छ ।

मुख्यमन्त्री पोखरेलले मुलुकको हितमा नेपाली सेनाले निभाउँदै आएको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा समेत यसले निरन्तरता पाउने विश्वास व्यक्त गरे । कतिपय मुलुकमा सेनाको हस्तक्षेप र महत्वाकांक्षाका कारण राजनीति अस्थिरता र उथलपुथल भए पनि नेपालमा सुरुदेखि नै नेपाली सेनाले संयमित भएर परिवर्तनलाई स्वीकार्दै कर्तव्य निभएको भनाइ राखे ।

कोरोनाकाल, प्राकृतिक विपत्तिका बेला नेपाली सेना जहिल्यै पनि अग्रपंक्तिमा खटिएको भन्दै उनले सिमित स्रोत र साधनका बीच सेनाले नागरिकको सेवामा खटिएको उनले स्मरण गरे ।

प्रधानसेनापति शर्माले नेपाली सेना जहिल्यै राष्ट्रहितमा लागिपरेको भन्दै विकास , निर्माणका साथै मुलुकलाई चाहिएको खण्डमा हरदम सेवामा तत्पर रहेको भनाइ राखे । गण्डकी प्रदेशबाट नेपाली सेनामा भर्ती हुनेको संख्या अधिक रहेको र आफ्ना पीता पुर्खासमेत कस्केली रहेको उनले मुख्यमन्त्रीसँगको भेटमा बताए । आफू जिम्मेवारीमा आएपछि सबै प्रदेशको वस्तुस्थिति बुझ्नका लागि भ्रमण थालेको उनले जानकारी गराए ।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण अन्तिम चरणमा पुगेको अवस्थामा अब पुरानो विमानस्थलको प्रयोगका बारेमा सोच्ने बेला आएको उनले बताए । पर्यटकीय केन्द्र पोखरामा साहसिक पर्यटन र आकश्मिक अवतरणका लागि उक्त स्थल खाली नै राख्नुपर्ने भन्दै उनले त्यसमा कुनै खालका संरचना नबनाउनका लागि अनुरोध गरे । विपत्तिका बेला बच्नका लागि पनि सहरमा ठूलो स्थान चाहिने भएकाले अहिलेको विमानस्थलको जमीन बचाइराख्नुपर्ने उनको सुझाव थियो । आइतबार मनाङ हुँदै पोखरा आएका उनले प्रदेश प्रमुख पृथ्वीमान गुरुङसँग पनि भेट गरेका थिए । उनी सोमबार मुस्ताङ जाँदै छन् ।

उक्त अवसरमा गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थले प्रदेश सरकार र सुरक्षा निकायबबीचको सम्बन्धका बारेमा जानकारी गराए । भेटमा बिना विभागीय मन्त्री डोवाटे विक, प्रदेश सभा सदस्य प्रकाशचन्द्र दवाडी, नेपाली सेना पश्चिम कमान्ड प्रमुख उपरथि बाबुराम श्रेष्ठसहित सहभागी थिए ।


## Shishu Niketan Secondary English School

**Birauta, Pokhara -17, Tel: 061-461598, 460601, 460603**

**Applications are invited for the under mentioned posts:**

| S.N. | Level | Qualifications | Req. |
|---|---|---|---|
| 1. | **Office Assistant** | +2 Pass | 2 |
| 2. | **Computer Typist /Operator** | +2 Pass(Diploma in Computer) | 1 |

* Candidates having at least 1 year of experience at the similar field, positive attitude, trained and self-motivated will be given preference.
* English Language and Basic Computer knowledge.
* Submit your detailed resume with a latest photograph in person before 17th Mangsir, 2078.

Principal

## कर्मचारी आवश्यकता

**विगत लामो समयदेखि उपकार र शिखर ब्राण्डका विभिन्न खाद्यान्न तथा कृषि औजार सामग्रीहरु बिक्री गर्दै आइरहेको यस शिवशिखर एग्रो प्रा.लि. पोखराका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | अनुभव |
|---|---|---|---|
| १ | ड्राइभर (हेवी) | २ जना | २ वर्षको अनुभव |
| २ | ड्राइभर (लाइट) | २ जना | |
| ३ | ड्राइभर (मिनी) | २ जना | |

» **तलब** : कम्पनीको नियमानुसार
» **सम्पर्क मिति** : सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र
» **नोट** : अनुभवीलाई विशेष प्राथमिकता

सम्पर्क :
**शिव शिखर एग्रो प्रा.लि.**
पोखरा–१४, चाउथे । फोन नं. ०६१–५२०४३७, ९८४५५५५३४०
Email: shivashikharpokhara@gmail.com

# कांग्रेसको गण्डकी महामन्त्रीमा मन्त्री श्रेष्ठ उठ्ने

स्याङ्जा, १३ मंसिर (समाधान)- नेपाली कांग्रेसको गण्डकी प्रदेश अधिवेशनमा प्रदेश सरकारका सामाजिक विकास मन्त्री तथा स्याङ्जाका सांसद मेखलाल श्रेष्ठले उम्मेदवारी दिने भएका छन् । प्रदेश अधिवेशन मंसिर १६ र १७ गते पोखरामा हुने छ ।



नेपाली कांग्रेसको प्रदेश संगठनलाई सुदृढ र संगठित बनाउन आफूले उम्मेदवारी दिने घोषणा गरेको श्रेष्ठले जनाएका छन् । 'नेपाली कांग्रेसको संगठनलाई प्रदेशका सबै जिल्लाका भातृसंगठन र शुभेच्छुक संस्थासँग समन्वय गर्दै चलायमान बनाएर मुलुककै उत्कृष्ट प्रदेश बनाउने लक्ष्य छ,' उनले भने ।

०४२ सालमा दहथुम माध्यमिक विद्यालयबाट स्कुले राजनीति सुरु गरेका श्रेष्ठ २०४५ सालमा नेपाल विद्यार्थी संघ वालिङ क्याम्पसको सभापति हुँदै जिल्लाको उपाध्यक्ष बनेका थिए । ०४५ सालको राजनीतिक आन्दोलन लगायत विभिन्न आन्दोलनमा सक्रिय सहभागी बनेको उनी पटकपटक पक्राउ परेर जेल जीवन बिताएका छन् । तरुण दलको केन्द्रीय सदस्य, सचिवालय सदस्य हुँदै जिल्लाबाट महाधिवेशन प्रतिनिधि र महासमिति सदस्य निर्वाचित भइसकेका हुन् ।

श्रेष्ठसँगै कांग्रेस गण्डकीको महामन्त्रीमा २ जना आकांक्षी देखिए । यसअघि कास्की कांग्रेस निवर्तमान सभापति कृष्ण केसीले उक्त पदमा उम्मेदवारी घोषणा गरेका छन् ।

# ओमिक्रोन फैलिन नदिन निगरानी

काठमाडौं, १३ मंसिर (समाधान)- कोरोना भाइरसको नयाँ रुप (भेरियन्ट) ओमिक्रोन देखिएपछि नेपालमा पनि सतर्कता अपनाउन थालिएको छ । दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भाइरस नेपालमा पनि फैलन सक्ने आकलन गरिएपछि सतर्कता अपनाउन थालिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नेपालमा अहिलेसम्म कोरोना भाइरसको नयाँ रुप ओमिक्रोन देखापरेको पुष्टि नभएको बताए । उनले नेपालमा अहिलेसम्म नदेखिए पनि फैलने भने सम्भावना रहेको जानकारी दिए ।




'नेपालमा पनि उक्त भाइरस फैलिने सम्भावना उच्च रहेको छ', सहप्रवक्ता डा अधिकारीले भने, 'तर हामी फैलिन नदिनका लागि तयारी अवस्थामा रहेका छौं ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र भारतसँग सिमाना जोडिएका नाकामा रहेका सहायता कक्षले विदेशबाट आउने व्यक्तिमा ओमिक्रोन भाइरसको संक्रमण छ वा छैन भनेर निगरानीलाई तीव्र पारेको छ । यस्तै विदेशबाट आउनेलाई क्वारेन्टाइनमा राख्ने गरिएको र ती व्यक्तिमा कस्तो लक्षण देखिएको छ, सोको पनि निगरानी गरिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिए । ओमिक्रोन भाइरस नयाँ भएकाले यो कति द्रुतगतिमा फैलिन सक्दछ र यसले कस्तो असर पार्दछ भनेर अध्ययन हुन बाँकी छ ।

# कोभिडले एकको मृत्यु

पोखरा, १३ मंसिर (समाधान)- गण्डकी प्रदेशमा कोभिड संक्रमणका कारण पछिल्लो २४ घण्टामा एकजनाको मृत्यु भएको छ । लमजुङको बेसिसहर नगरपालिका ११ की ४० वर्षीया संक्रमितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा सोबार बिहान मृत्यु भएको हो । यो सँगै गण्डकीमा कोभिड १९ बाट मृत्यु हुनेको संख्या १ हजार ४ सय १७ पुगेको निर्देशनालयको विज्ञप्तिमा उल्लेख छ ।

निर्देशनालयका अनुसार १४९ जनामा गरिएको नमुना परीक्षणमा १९ जनामा संक्रमण देखिएको छ । जसमा ९ महिला र १० पुरुष छन् । प्रदेशको विभिन्न जिल्लामा गरिएको नमुना परीक्षणमा कास्कीमा सर्वाधिक १६ संक्रमित थपिए ।स्याङ्जा, पर्वत र लमजुङमा एक/एक संक्रमित भेटिए ।

गण्डकीमा कोरोना संक्रमितको कुल संख्या ८७ हजार ९०७ पुगेको छ । गण्डकीमा सक्रिय संक्रमित संख्या १६१ छ । होमआसोलेसनमा १२३ जना रहेको र पछिल्लो २४ घण्टामा १५ जना संक्रमणमुक्त भएको निर्देशनालयले जानकारी दिएको छ ।

# १९ गतेदेखि बाघ गणना

चितवन, १३ मंसिर (रासस)-नेपालका राष्ट्रिय निकुञ्जमा यही मंसिर १९ गतेदेखि बाघ गणना गरिने भएको छ । गणनाको शुभारम्भ चितवन राष्ट्रिय निकुञ्जबाट गरिँदै छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गणनाको नेतृत्व गर्दछ ।

देशभरका ५ निकुञ्जमा बाघ छन् । चितवन, बर्दिया, पर्सा, शुक्लाफाँटा र बाँके राष्ट्रिय निकुञ्ज तथा आसपासका वन क्षेत्रमा बाघको गणना गरिन लागेको हो । चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यका अनुसार हिउँदको समयमा बाघ बाटोमा आउने हुँदा यो समय गणनाका लागि उपयुक्त हुन्छ ।

# माघमा लेखनाथ महोत्सव

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर



लेखनाथ महोत्सवको १७ औं संस्करण आगामी माघ १३ गतेबाट २४ गतेसम्म हुने भएको छ । संघको आइतबार बसेको बैठकले यस वर्ष आयोजना हुने महोत्सवको मिति तय गर्दै अध्यक्ष क्षत्रधर आत्रेयको अध्यक्षतामा मुल आयोजक समितिसमेत गठन गरेको हो ।

'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र समृद्धि' भन्ने नाराका साथ आयोजना हुने महोत्सव गत वर्ष कोरोना महामारीका कारण रोकिएको थियो । लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा १८ वर्षदेखि महोत्सव हुँदै आएको छ ।

समग्र गण्डकी प्रदेशको आर्थिक, समाजिक, कृषि र पर्यटनको विकासमा टेवा पुर्‍याउने उद्देश्यले महोत्सव आयोजना गरिएको संघका अध्यक्ष आत्रेयले बताए । विश्वभर फैलिएको कोराना महामारीको प्रभाव नेपालमा कम भइसकेको अवस्थामा महामारीका कारण प्रभावित स्थानीय व्यवसायीको पुनरुत्थानमा महोत्सवले सकारात्मक भूमिका खेल्ने महासचिव उपेन्द्रराज सुवेदी (राजु) ले अपेक्षा गरे ।

संघका अनुसार महोत्सवमा स्थानीय उत्पादन, कृषि प्रदर्शनी, शैक्षिक प्रदर्शनी, सूचना प्रविधि प्रदर्शनी, हस्तकला, मेसिनरी, कर्पोरेट, अटो, जनरल, फेन्सी, गार्मेन्ट, डेरी, खाना लगायतको प्रदर्शनी गरिनेछ ।

त्यस्तै, ख्यातिप्राप्त कलाकारको दोहोरी, पप कन्सर्ट, हास्य प्रहसन रहनेछ । महोत्सवमा बाल उद्यान, खाना महोत्सव र सुन्तला प्रदर्शनी विशेष आकर्षण हुने छन् ।

**महिला उद्यमी परिचालन उपसमिति बैठक**

लेखनाथ उद्योग बाणिज्य संघमा आवद्ध महिला उद्यमीको विकास एवं प्रवर्द्धनका गतिविधि तथा क्रियाकलाप अगाडि बढाउनका लागि गठित महिला उद्यमी परिचालन उपसमितिको पहिलो बैठक सोमबार भएको छ ।

लेखनाथ उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य एवं महिला उद्यमी परिचालन उपसमिति संयोजक इन्दिरा रोकाको संयोजकत्वमा बसेको बैठकले महिलाको विकासका लागि आयआर्जन तथा क्षमता अभिवृद्धि गर्नका लागि विभिन्न संघ, संस्था तथा कार्यालयसँग समन्वय गर्ने साथै सीपमूलक, आयमूलक, महिलाको स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकमा लेखनाथ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष बाबुराम गिरीले महिलाको विकासका लागि सर्वप्रथम उनीहरुको आयआर्जनमा विकास हुनुपर्ने र सोका लागि महिलालाई उद्यमशीलतामा जोड्नुपर्ने बताए । उनले संघले घरेलु तथा साना उद्योग कार्यालय, सीप विकास कार्यालय लगायतका विभिन्न संघ, संस्थासँग समन्वय गर्दै तालिम तथा अध्ययन अवलोकन भ्रमण, अन्तर्क्रिया, गोष्ठी आयोजना गर्दै आएको बताए ।

संघका अध्यक्ष छत्रधर आत्रेयले महिला उद्यमीको प्रवर्द्धनलाई संघले सधै प्राथमिकतामा राखेको उल्लेख गरे । संघद्वारा यही माघ १३ गते देखि २४ गतेसम्म आयोजना हुने लेखनाथ महोत्सवमा सबैको साथ, सहयोगका लागि उनले अपिल गरे ।

संघका उपमहासचिव जानुका पराजुली अधिकारी र उपसमिति सल्लाहकार मेनुका श्रेष्ठले महिला उद्यमी विकासका लागि विगतमा संघले गरेका क्रियाकलाप र अबका दिनमा गर्नुपर्ने कार्यबारे जानकारी गराइन् । महिला मानव अधिकार रक्षक सञ्जाल कास्की सदस्य मिना थापाले १६ दिने महिला हिंसा अभियानबारे प्रकाश पारिन् ।

बैठकमा महिला उद्यमी परिचालन उपसमिति सहसंयोजक पार्वती कुमारी थापा र सचिव भीमकुमारी पुन (पुष्पा)ले पनि बोलेका थिए ।

# खुद्रे योजनाले समस्या: अर्थमन्त्री

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर



गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले खुद्रे तथा साना एवं गोजीबाट छनोट भएका कार्यक्रम कार्यान्वयनमा प्रभावकारी नहुने बताए । गण्डकी प्रदेशको अर्थ मन्त्रालयले मनाङका कार्यालय प्रमुखहरुसँग मंगलबार चामेमा आयोजना गरेको छलफलमा मन्त्री बरालले अझै पनि साना तथा टुक्रे योजना छनोट हुनुले कार्यान्वयमा कठिनाइ हुने गरेको सुनाए ।

मनाङमा यस वर्षको बाढी तथा पहिरोले प्रभावित भएकाले धेरै क्षेत्र अस्तव्यस्त देखिएको उल्लेख गर्दै मन्त्री बरालले यसमा प्रदेश मात्र नभई संघीय सरकारको समेत बढी ध्यान केन्द्रित हुनुपर्ने बताए । उनले जनताको आधारभूत आवश्यकताका आधारमा ध्यान केन्द्रित भई काम गर्न कर्मचारीलाई निर्देशनसमेत दिए ।

सुरक्षा क्षेत्रलाई प्रोत्साहत हुने गरी सेवा, सुविधा उपलब्ध गराउने बिषयमा मन्त्रालयको ध्यान केन्द्रित भएको उनले बताए । प्रदेश सरकारले आन्तरिक स्रोत वृद्धि हुने योजना बनाउने उल्लेख गरे ।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले अन्तिम चौमासिकमा खर्च गर्ने परिपाटी परिवर्तन गर्न सुझाव दिए । दोस्रो चौमासिक पुगेपछि कार्यान्वयन नहुने कार्यक्रम अर्थ मन्त्रालयको पूर्व सहमतिमा आवश्यकताका आधारमा त्यही शीर्षकमा रकमान्तर गर्न सकिने उनले जानकारी दिए ।

पूर्वाधार विकास कार्यालय मनाङका निमित्त कार्यालय प्रमुख प्रह्लाद दाहालले यस वर्ष मनाङमा बाढी, पहिरोल ठुलो क्षति भए पनि विनियोजित बजेट निकै कम भएको उल्लेख गरे । यहाँ फागुनदेखि ४ महिनामात्र काम गर्ने वातावरण हुने हुँदा विकास, निर्माणमा कठिन हुने गरेको सुनाए ।

स्वास्थ्य कार्यालय मनाङका बद्रिराज आचार्यले स्वास्थ्य निर्देशिका ढिलो आउँदा कार्यान्वयमा कठिनाई भएको जनाए । उनले कोरोनाबाट मनाङका ७ जनाको मृत्यु भएको जानकारी दिए ।

शिक्षा विकास तथा समन्वय इकाइ कार्यालयका मोतीलाल चपाईले मावि तहमा अझै पनि बिषयगत शिक्षकको दरबन्दी नहुँदा गुणस्तरीय शिक्षा हासिल गर्न कठिन भएको बताए । मनाङका डिएसपी सुवास खड्काले माथिल्लो मनाङमा प्रहरीलाई आवश्यक पर्ने मौसम अनुसारको पोसाक तथा खानपिनको प्रमुख समस्या भएको जनाए । उनले पछिल्लो समय पर्यटक मनाङ आउन थालेकाले उनीहरुको सुरक्षा गर्न सवारी साधनले नहुँदा कठिनाइ भएको गुनासो गरे ।

यसअघि मन्त्रालयले बागलुङ, मुस्ताङ र म्याग्दीका प्रादेशिक कार्यालयका प्रमुखहरुसँग छलफल गरेको थियो । कार्यक्रम मनाङका प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यको अध्यक्षतामा भएको थियो ।

# हार्डवेयर एसोसियसनको सभा



**समाधान संवाददाता**
पोखरा, १३ मंसिर

पोखरा हार्डवेयर एसोसियसन कास्कीको २८ औं वार्षिक साधारणसभा शनिबार भएको छ । २०५० जेठ २९ गते स्थापना भएको एसोसियसनमा हाल २ सय ३५ व्यवसायी आवद्ध छन् ।

सभामा गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल (जीवन)ले सन्तुलित र समानुपातिक विकास आवश्यक भएको बताए । दलाल नोकरशाही पुँजीको बिगबिगी दिनदिनै मौलाएको उल्लेख गर्दै मन्त्री बरालले सामाजिक न्यायसहितको समृद्धि सरकारको लक्ष्य भएको बताए ।

उनले व्यवसायी र राज्यबीच समन्वय र सहकार्य आवश्यक भएको उल्लेख गरे । कोरोनाले गर्दा हाल देशको अर्थतन्त्र धरासायी भएकाले व्यवसायीले रचनात्मक सहयोग गरेको उल्लेख गरे ।

संस्थाका वरिष्ठ सल्लाहकार रामचन्द्र थापाले सामाजिक सुधार र व्यावसायीक एकताका लागि संस्था गठन भएको बताए । एसोसियसनका अध्यक्ष शेषकान्त ढकालको अध्यक्षतामा भएको कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय कास्की प्रमुख गोकुल शर्मा, पोखरा उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष पवन प्रजापती, कार्यक्रम संयोजक प्रकाशचन्द्र घिमिरे, महासचिव कृष्णप्रसाद कोइराला, संस्थाका वरिष्ठ उपाध्यक्ष प्रेमबहादुर पौडेल र पोखरा उद्योग बाणिज्य संघका सदस्य सुदीप प्रधानांगले व्यवसायीका समस्या र समाधानका लागि राज्यले चाल्नुपर्ने कदमबारे बोलेका थिए ।

# समदर्शी सहकारीमा मैनादेवी

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर



पोखरा २ नयाँ बसपार्कमा रहेको समदर्शी महिला बचत तथा ऋण सहकारीको अध्यक्षमा मैनादेवी रावत चयन भएकी छन् । सहकारीको १२ औं साधरणसभा तथा चौथो अधिवेशनबाट रावतको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो ।

समितिको उपाध्यक्षमा प्रमिला ताम्राकार तुलाचन, सचिव रिकमाया गुरुङ र कोषाध्यक्ष कृष्णमाया घिमिरे चुनिए । सदस्यमा तारा विक, कृष्णमाया पौडेल, यज्ञ पोखरेल, कमला बराल र सञ्जिता शर्मा चयन भएका छन् ।

कार्यक्रममा जिल्ला सहकारी सघं कास्कीका वरिष्ठ उपाध्यक्ष छविलाल लामिछानेले सेयर पुँजीलाई भन्दा बचतलाई बढी जोड दिनुपर्ने बताए । संस्थाका सेयर सदस्य तथा नेतृ दुर्गाकुमारी विकले महिलाले मात्र सञ्चालन गरेको सहकारी भएकाले महिला सहकारीमा नमुना सहकारी बन्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक पोखरा शाखा प्रमुख नरेश पाण्डे, जिल्ला सहकारी संघका सञ्चालक चन्द्रकुमारी पराजुली, संस्थाकी निवर्तमान अध्यक्ष गिताकुमारी पौडेल लगायतले बोलेका थिए ।

# चापाकोटमा महोत्सव

**समाधान संवाददाता**
पोखरा, १३ मंसिर

समग्र पर्यटनको प्रवर्द्धन तथा स्थानीय उत्पादनको प्रचार प्रसार एवं बजारीकरणका लागि पोखरा महानगरपालिका वडा नम्बर २३ मा चापाकोट देउराली सामुदायिक होमस्टे सांस्कृतिक महोत्सव गर्न लागिएको छ ।

चापाकोट पर्यटन प्रवर्द्धन समिति र होमस्टेको आयोजनामा आगामी पुस १ देखि ५ गतेसम्म महोत्सव हुन लागेको हो । महोत्सवमा स्थानीय उत्पादन तथा खानाका परिकार प्रदर्शनी, रत्यौली तथा नौमती बाजा (पञ्चेबाजा) प्रतियोगिता गरिने चापाकोट पर्यटन प्रवर्द्धन समितिका अध्यक्ष भीम पराजुलीले जानकारी दिए ।

अग्रज लोकदोहोरी गायक प्रजापति पराजुली, हास्य कलाकार युवराज भण्डारी लगायतका राष्ट्रिय लोक दोहोरीका कलाकारको प्रस्तुति, रोहोटे पिङ, लिंगे पिङ, घैटो फुटाउने लगायतका प्रतियोगिता महोत्सवका आकर्षण हुने छन् । 'ऐतिहासिक, पर्यटकीय र धार्मिक हिसाबले महत्वपूर्ण पञ्चासेको प्रवेशद्वारमा रहेको चापाकोटको पर्यटन प्रवर्द्धनको लागि महोत्सवले सघाउने छ,' अध्यक्ष पराजुलीले भने, 'फेवाताल किनाराको लेकसाइडदेखि हिमशृंखलाको दृश्यावलोकन गर्न सकिने चापाकोट अनेक विवधतापुर्ण सांस्कृतिक महत्वको क्षेत्र हो ।'

त्यस क्षेत्रबाट पानोरमा दृश्यावलोकन र सूर्योदय हेर्न सकिन्छ । उनले महोत्सवमा स्थानीय उत्पादनको किनमेलका अलवा विविध सांस्कृतिक कार्यक्रमबाट मनोरञ्जन लिन सकिने बताए ।

# रघुनाथले खोले सचिवालय



पोखरा, १३ मंसिर (समाधान)- नेपाली कांग्रेसका नेता रघुनाथ पौडेलले पार्टीको गण्डकी प्रदेश सभापति पदमा उमेदवारीको घोषणा गरेलगतै सोमबार पोखरा ९ दरबारथोक मार्गमा सचिवालय स्थापना गरेका हुन् ।

नेपाली कांग्रेस तनहुँको २०५३ देखि २०६७ सम्म ३ कार्यकाल सभापति रहेका पौडेलले आइतबार पोखरामा पत्रकार सम्मेलन गरी उमेदवारी घोषणा गरेका थिए । कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत गण्डकी प्रदेशको प्रदेश अधिवेशन यही मंसिर १६ र १७ गते पोखरामा हुँदै छ । पार्टीका शुभेच्छुक शुभचिन्तक कार्यकर्ताबीच सम्पर्क स्थापना तथा चुनाव प्रचारप्रसारका लागि कार्यलय स्थापना गरिएको पौडेलले बताए । पार्टीलाई एकतावद्ध गरी संस्थागत रुपमा अगाडि बढाउँदै पार्टीको गुमेको गरिमा र प्रतिष्ठालाई थप उचाईमा पुर्‍याउन प्रदेश सभापतिमा उम्मेदवारी दिएको उनको जिकिर छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
**आन्तरिक राजस्व कार्यालय, पोखरा**

**सूचना ! सूचना !! सूचना !!!**

प्रकाशित मिति : २०७८/०८/१४

आर्थिक ऐन, २०७८ को दफा २०, २१, २२, २३, २४, ३४, ३५ र ३६ मा विभिन्न शीर्षकमा छुट सुविधा प्रदान गरिएकोले आन्तरिक राजस्व कार्यालय, पोखरामा दर्ता रहेका सम्बन्धित करदाताले विस्तृत व्यहोरा सोही आर्थिक ऐन, २०७८ बाट जानकारी प्राप्त गर्नुहुन साथै आन्तरिक राजस्व कार्यालय, पोखरामा सम्पर्क गरी उक्त छुट सुविधाको लाभ लिनुहुन समेत जानकारी गराईन्छ ।

**छुट सुविधा प्रदान गरिएका शीर्षकहरूको संक्षिप्त व्यहोराः**

| आर्थिक ऐनको दफा | छुट सुविधाको संक्षिप्त व्यहोरा | छुट सुविधा पाउने अन्तिम समय सीमा |
|---|---|---|
| दफा २० | प्रशासकीय पुनरावलोकन वा पुनरावेदनमा विचारधीन रहेका मुद्दा फिर्ता लिई कर तिरेमा शुल्क, थप दस्तुर तथा जरिबाना मिनाहा | संवत् २०७८ साल मंङ्सिर मसान्त सम्म । |
| दफा २१ | कर निर्धारण भई बक्यौता रहेको आयकर, मू.अ.कर तथा अन्तःशुल्क बक्यौता बुझाएमा जरिबाना, शुल्क तथा थप दस्तुर मिनाहा | संवत् २०७८ साल पुष मसान्त सम्म। |
| दफा २२ | उत्पत्तिको प्रमाणपत्र जारी गरे बापतको कर, थप दस्तुर, ब्याज र जरिबाना मिनाहा | - |
| दफा २३ | ट्रेकिङ्ग तथा टुर प्याकेजमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिनाहा | संवत् २०७८ साल पुष मसान्त सम्म । |
| दफा २४ | स्वास्थ्य सेवा प्रदायक संस्थालाई थप दस्तुर र ब्याज मिनाहा | संवत् २०७८ साल असार मसान्त सम्म । |
| दफा ३४ | करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिनाहा | संवत् २०७८ साल फागुन मसान्त सम्म । |
| दफा ३५ | आर्थिक वर्ष २०७३/०४ देखि २०७६/०७७ सम्ममा कारोबार रकम कम देखाई पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गरेका करदाताले वास्तविक कारोबार घोषणा गरी फरक परेको विक्री रकमको १.५% कर दाखिला गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ । साथै त्यस्ता करदाताको कारोबार फरक परेको आधारमा आयकर तथा मूल्य अभिवृद्धि कर तर्फ संशोधित कर निर्धारण भई बक्यौता रहेका करदाताले कर निर्धारण गर्दा कायम भएको थप विक्री रकमको १.५% कर दाखिला गरेमा बाँकी कर, थप दस्तुर, जरिबाना र शुल्क मिन्हा हुनेछ। साथै सो भन्दा अघिल्ला आर्थिक वर्षहरूको आयकर तथा मूल्य अभिवृद्धि करको कारोबार अंक फरक परेको सम्बन्धमा कुनै छानविन, अनुसन्धान तथा कर निर्धारण गरिने छैन। | संवत् २०७८ साल चैत्त मसान्त सम्म। |
| दफा ३६ | ढुवानी सेवाको कारोबार गर्ने करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएको कारण दाखिला गर्नुपर्ने मू.अ.कर दाखिला नगरेको भए स्वयं घोषणा गरी सो को १३% ले हुने मू.अ.कर दाखिला गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने । साथै त्यस्तो कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बक्यौता रहेका वा मुद्दा विचाराधीन रहेकोमा त्यस्ता मुद्दा फिर्ता लिई निर्धारित कर रकम दाखिला गरेमा सोमा लाग्ने थप दस्तुर, ब्याज र जरिबाना मिन्हा हुने। | संवत् २०७८ साल पुष मसान्त सम्म । |


**TEACHER WANTED**

**Himali School,** One of the eminent and high performing school is seeking energetic, well qualified, dynamic and +2 passed or equivalent candidates who are willing to learn and grow as professionals for the basic level teacher.

**Preference will be given to those with training and experience in related areas.**

Candidates are requested to submit a hand written application with your latest updated CV along with the latest photograph in person before **20th Mansir 2078.**

Contact:
**HIMALI SCHOOL**
Pokhara-18, Bhakunde
Mobile No: 9856032163, 9814125707

**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालयः** नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com